# न्यायाधीशको आचार संहिता, २०६५

**प्रस्तावना**: स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रणालीको माध्यमबाट कानूनको शासन, मानव अधिकार तथा संवैधानिक मूल्य मान्यताहरुको संरक्षण र सम्वर्द्धन गर्न;
प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था मार्फत छिटो छरितो, स्वच्छ, निष्पक्ष र पारदर्शी रुपमा न्याय सम्पादन हुने कुराको व्यवहारिक प्रत्याभूति दिई स्वच्छ सुनुवाई सुनिश्चित हुने न्यायिक प्रक्रियाद्वारा नागरिक हकको संरक्षण गर्न;
न्याय पद्धतिप्रति जनआस्था र विश्वास अभिवृद्धि गर्न निरन्तर प्रयास गर्दै तथा न्यायपालिकाको प्रतिष्ठालाई उच्च राख्ने सन्दर्भमा व्यक्तिगत तथा सामुहिक रुपमा समेत न्यायाधीशहरुद्वारा न्यायिक पदलाई सार्वजनिक उत्तरदायित्वको पदको रुपमा सम्मान गर्ने परिपाटी विकास गर्दै न्यायाधीशको व्यक्तित्व एवं वैधानिक हितको समेत संरक्षण गर्न; र
न्यायाधीशहरुको आचार एवं व्यवहारका विषयमा आधारभूत सिद्धान्त तथा मानकहरू निर्धारण गरी अन्तराष्ट्रिय स्तरमा विकसित सिद्धान्त एवं मुलुकभित्र विद्यमान प्रचलन, व्यवहार, न्यायिक संस्कृतिका आवश्यक पक्षलाई समेत समेटी, एकीकरण गरी न्यायाधीशको आचार संहिता बनाई लागू गर्न वाञ्छनीय भएकोले यो आचार संहिता न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन २०६५ द्वारा पारित गरी जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१.१. यो संहिताको नाम "न्यायाधीशको आचार संहिता, २०६५" रहेको छ ।

१.२. यो आचार संहिता नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

२.१. "न्यायाधीश" भन्नाले सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालतमा बहाल रहेका न्यायाधीश सम्झनु पर्छ र सो शब्दले समय समयमा गठन भएका विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, विभिन्न न्यायाधिकरणहरु वा यस्तै अन्य निकायमा रही मुद्दा मामिलामा निर्णय दिने गरी न्याय परिषद्को परामर्शमा नियुक्त भएका, तोकिएका वा खटाइएका पदाधिकारीलाई समेत जनाउनेछ ।

२.२. "अदालतका कर्मचारी" भन्नाले दफा २.१ मा उल्लेखित अदालत वा मुद्दा हेर्ने अन्य निकायमा कार्यरत कर्मचारी सम्झनु पर्छ ।

२.३. "न्यायाधीशको परिवार" भन्नाले न्यायाधीशसंग एकाघर संगोलमा बसेका न्यायाधीशका बाबु, आमा, पति वा पत्नी, छोरा, छोरी, छोरा-बुहारी, छोरीज्वाई, नाति, नातिनी सम्झनु

पर्छ र सो शब्दले न्यायाधीशसंग एउटै निवासमा संगै बस्ने अन्य नातेदार, घरमा राखेको कामदार, सहयोगी समेतलाई  जनाउनेछ ।

२.४. “नातेदार” भन्नाले न्यायाधीशको मुलुकी ऐन, अ.बं. ३० नं. भित्रका नातेदार र विवाहित न्यायाधीशको हकमा त्यस्ता न्यायाधीशको पति वा पत्नीको जन्म दिने बाबु आमा र निजका अ.बं. ३० नं. भित्रका नातेदार सम्झनु पर्छ ।

२.५.“कानून व्यवसायी” भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० बमोजिमका कानून व्यवसायी सम्झनु पर्छ ।

२.६ “आचरण” भन्नाले न्यायाधीशबाट पालन गर्नुपर्ने व्यवहार, बानी बेहोरा, चालचलन वा चरित्र समेत सम्झनुपर्छ ।

## ३. स्वतन्त्रता

**सिद्धान्तः** कानूनको शासन र स्वच्छ सुनुवाईको आधारभूत प्रत्याभूति नै न्यायिक स्वतन्त्रताको पूर्व शर्त हो । त्यसैले न्यायाधीशले व्यक्तिगत एवम् संस्थागत रुपमा न्यायपालिकाको स्वतन्त्रता सुदृढ गर्न उदाहरणीय रुपमा क्रियाशील रहनु पर्छ ।

### आचार संहिता

३.१ न्यायाधीशले न्यायिक कार्य गर्दा आफु समक्ष प्रस्तुत हुन आएका तथ्यको निरोपण र कानूनको सही प्रयोग गरी स्वतन्त्रतापूर्वक गर्नु पर्छ । निजले कुनै पनि क्षेत्रवाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, दबाब, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई न्यायिक कार्य गर्नुपर्छ ।

३.२ न्यायाधीशले आफ्नो सामाजिक सम्बन्ध कायम गर्दा सतर्कतापूर्वक गर्नुपर्छ । सामाजिक सम्बन्धको कारणले न्याय सम्पादनमा पर्न सक्ने प्रभाव र विशेष गरेर आफूले  निरोपण गर्नुपर्ने विवादका पक्षहरूबाट पर्न सक्ने प्रभाववाट स्वतन्त्र रहनुपर्छ ।

३.३ न्यायाधीश कार्यपालिका वा व्यवस्थापिकाका सदस्यहरूसँगको अनुपयुक्त सम्पर्क वा प्रभावबाट मुक्त रहने मात्र होइन एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा पनि त्यस्तो सम्पर्क वा प्रभावबाट मुक्त रहेको देखिनुपर्छ ।

३.४ न्यायाधीशले न्यायिक कर्तव्य पालन गर्ने क्रममा आफू स्वयम्ले पनि स्वतन्त्रतापूर्वक कार्य गर्नुपर्छ र अन्य सहकर्मी न्यायाधीशहरुलाई पनि स्वतन्त्रतापूर्वक न्यायिक कार्य गर्न सक्ने सहज वातावरण प्रदान गर्नुपर्छ;  कुनै प्रकारको हस्तक्षेप गर्न, अनुचित प्रभाव पार्न वा दबाब दिन हुंदैन ।

३.५ न्यायाधीशले न्यायपालिकाको संस्थागत एवम् कार्यगत स्वतन्त्रता कायम राख्न र अभिवृद्धि गर्न हरसंभव प्रयास गर्नुपर्छ ।

३.६ न्यायिक स्वतन्त्रताको लागि अपरिहार्य रहेको न्यायपालिका प्रतिको जनआस्था तथा जनविश्वासको अभिवृद्धि गर्न न्यायाधीशले उच्चस्तरको न्यायिक आचरण प्रदर्शन र प्रवर्द्धन गर्नुपर्छ ।

३.७ निन्दा, आलोचना, आक्रोश आदिबाट दु:खित हुने तथा बडाई, प्रशंसा, नम्रताबाट प्रभावित हुने मानवीय स्वभावको नकारात्मक असर न्याय सम्पादन कार्यमा नपरोस् भनी न्यायाधीश संधै सचेष्ट रहनुपर्छ ।

## ४. <u>निष्पक्षता</u>

**<u>सिद्धान्त:</u>** न्यायिक काम कारवाहीको उपयुक्त सम्पादनको लागि निष्पक्षता अत्यावश्यक हुन्छ र न्यायिक निर्णयमा मात्र नभएर निर्णय पूर्वका समस्त न्यायिक प्रक्रियामा पनि निष्पक्षता कायम गरिनुपर्छ ।

### <u>आचार संहिता</u>

४.१ न्यायाधीशले कुनै प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी न्यायिक कर्तव्यको पालन गर्नुपर्छ ।

४.२ अदालतभित्र र बाहिर न्यायाधीशले गर्ने व्यवहार निष्पक्ष हुनुपर्छ जसबाट मुद्दाका पक्ष, कानून व्यवसायी र सर्वसाधारणको न्यायाधीश र न्यायपालिका प्रतिको विश्वास अभिवृद्धि हुन सकोस् ।

४.३ कुनै पनि व्यक्तिसँग अनावश्यक रुपमा सम्बन्ध वा सम्पर्क बढाएको कारणबाट विवादको सुनुवाई वा निरोपण गर्न अयोग्य हुने स्थितिको सिर्जना नहोस् भन्ने हेतुले न्यायाधीशले त्यस्ता संभावनाहरुबाट टाढै रहनुपर्छ ।

४.४ न्यायाधीशले आफू समक्ष निरोपणका लागि प्रस्तुत हुन आएका वा आउन सक्ने विवादको परिणाममा असर पर्ने गरी वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा नै स्पष्टत: आँच आउने गरी जानाजान कुनै प्रकारको टिका टिप्पणी गर्न वा कुनै व्यक्ति वा विवादको स्वच्छ सुनुवाईमा असर पर्ने गरी सार्वजनिक वा अन्य रुपमा कुनै अभिव्यक्ति दिनु हुंदैन ।

४.५ आफुले कुनै विवादको निष्पक्ष निरोपण गर्न नसक्ने भएमा वा एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा त्यस्तो विवाद निरोपण गर्दा न्यायाधीशले निष्पक्ष भई निर्णय गर्न नसक्ने अवस्था छ भन्ने स्थिति भएमा न्यायाधीशले त्यस्तो विवादको सुनुवाई वा

न्याय निरोपण गर्नवाट आफुलाई अलग राख्नुपर्छ । देहायको अवस्थामा त्यस्तो स्थिति आउन सक्दछ :-

(क) मुद्दाका कुनै पक्षप्रति न्यायाधीशको खास आग्रह वा पूर्वाग्रह भएमा;

(ख) विवादित विषयको प्रमाण सम्बन्धी तथ्यमा न्यायाधीशलाई व्यक्तिगत हैसियतमा पूर्व जानकारी भएमा;

(ग) विवादको विषयमा न्यायाधीशले पहिले कानून व्यवसायीको हैसियतले काम गरेको वा साक्षीको रुपमा रहेको भएमा;

(घ) निरोपण गर्नुपर्ने विवादको परिणाममा न्यायाधीश वा निजको परिवारको प्रत्यक्ष आर्थिक स्वार्थ जोडिएको भएमा ।

तर अर्को न्यायाधीशले तत्काल मुद्दाको सुनुवाई गर्न सक्ने अवस्था नभएमा र तत्काल विवादको सुनुवाई नगर्दा गम्भीररूपमा अन्याय पर्ने अवस्था भएमा न्यायाधीशले त्यस्तो विवाद हेर्न हुन्छ ।

## ५. निष्ठा

**सिद्धान्तः** न्यायिक कार्यको समुचित सम्पादनको लागि न्यायप्रतिको निष्ठा र त्यसको पालना अत्यावश्यक हुन्छ ।

### आचार संहिता

५.१ एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा न्यायाधीशको आचरण निन्दनीय छैन भन्ने कुरा न्यायाधीशले व्यवहारतः सुनिश्चित गर्नु पर्छ ।

५.२ न्यायाधीशको आचरण र व्यवहार न्यायपालिकाप्रति जनताको आस्था र विश्वास बढाउने किसिमको उच्च नैतिकता-उन्मुख हुनुपर्छ । “न्याय गरेर मात्र हुंदैन, न्याय गरेको देखिनु पनि पर्छ” भन्ने मान्यताबाट प्रेरित भई न्यायाधीशले आफ्नो कार्य सम्पादन गर्नु पर्छ ।

## ६. सदाचार

**सिद्धान्त** : न्यायाधीशले गर्ने सवै कार्यहरु सदाचारपूर्ण हुनु र देखिनु समेत पर्छ ।

### आचार संहिता

६.१ न्यायाधीशका हरेक क्रियाकलाप सदाचारपूर्ण हुनुपर्छ । सदाचार विपरितका कार्य वा सदाचार विपरित देखिने कुनै पनि कार्य गर्नबाट न्यायाधीश अलग रहनुपर्छ ।

६.२ हरेक क्रियाकलापको व्यक्ति र समाजले नित्य निगरानी, अनुगमन र मूल्यांकन गर्ने हुँदा न्यायाधीशले सदैव आफ्नो कारणबाट कुनै नागरिक वा समुदायलाई अनुचित बोझ नहोस् भन्ने कुरा बिचार गरेर आफ्नो क्रियाकलाप नियन्त्रित गर्नु पर्छ । विशेषतः न्यायाधीशले आफ्नो क्रियाकलाप सञ्चालन गर्दा न्यायिक पदको गरिमा र मर्यादा अनुकूल गर्नुपर्छ ।

६.३ न्यायाधीशले खासगरी आफू कार्यरत अदालतमा नियमित बहस पैरवी गर्ने कानून व्यवसायीहरुसंगको व्यक्तिगत सम्बन्ध र सम्पर्कको कारणबाट पक्षपात वा मोलाहिजा गरिएको छ कि भनी आशंका हुने स्थितिबाट अलग रहनु पर्छ ।

६.४ न्यायाधीशले आफ्नो परिवारका कुनै सदस्यले कानून व्यवसायीको रुपमा प्रतिनिधित्व गरेको वा अन्य कुनै किसिमले संलग्न रहेको विवादको निरोपणमा सहभागी हुनु हुंदैन ।

६.५ न्यायाधीशले आफुले प्रयोग गरी आएको आवासमा कसैलाई कानून व्यवसाय सञ्चालन गर्न वा विवादका पक्षहरुसंग भेटघाट गर्न दिनु हुंदैन ।

६.६ न्यायाधीशले अन्य नागरिक सरह विचार र अभिव्यक्तिको स्वतन्त्रता वा कुनै संघसंस्था खोल्ने वा सदस्य हुने वा भेला हुने अधिकार राख्दछ । तर त्यस्तो अधिकारको प्रयोग गर्दा सदा न्यायिक पदको गरिमा र न्यायपालिकाको स्वतन्त्रता एवं निष्पक्षता जोगाई राख्ने गरी गर्नुपर्छ ।

६.७ न्यायाधीशले आफ्नो व्यक्तिगत वा आफुलाई कानूनबमोजिम प्राप्त हुने आर्थिक लाभ वा स्वार्थ  बारे जानकारी राख्नुपर्छ । साथै आफ्नो परिवारका सदस्यहरूको आर्थिक कारोवार एवं स्वार्थ बारे जानकारी राख्ने उचित प्रयास गर्नुपर्छ ।

६.८ न्यायाधीशले आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरूलाई आफुले सम्पादन गर्ने न्यायिक कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनुहुँदैन ।

६.९ न्यायाधीशले आफ्नो वा आफ्नो परिवारका सदस्यको वा अरु कसैको निजी स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको उपयोग गर्न वा गर्न दिनु हुंदैन न त कुनै व्यक्ति न्यायाधीशको न्यायिक कार्यमा प्रभाव पार्न सक्ने विशेष हैसियतमा छ भनी न्यायाधीशले भन्न वा अन्य कसैलाई त्यस्तो अनुभूति हुने गरी बोल्न दिन हुन्छ ।

६.१० न्यायाधीशले न्यायिक हैसियतले कार्य गर्दा प्राप्त गरेको गोप्य सूचना न्यायिक कर्तव्यको पालना गर्दा वाहेक अन्य उद्देश्यको लागि प्रयोग गर्न वा खुलासा गर्न हुँदैन ।

६.११ न्यायाधीशले निष्पक्षतापूर्वक न्यायिक कर्तव्य पालनामा वाधा नपर्ने वा आँच नआउने गरी देहायका कार्य गर्न हुन्छ :

(क) कानून, कानूनी पद्धति, न्याय प्रशासन वा त्यस्तै विषयमा लेख्न, प्रवचन दिन, अध्यापन गर्न वा ती विषयका देशभित्र वा बाहिर आयोजना हुने सार्वजनिक कार्यक्रममा उपस्थित हुन वा छलफलमा सहभागी हुन;

(ख) न्यायाधीशको निष्पक्षता वा तटस्थतामा प्रतिकुल असर नपर्ने भएमा, सरकारी संस्था, सरकारी आयोग, समिति वा सल्लाहकार संस्थाका सदस्यको रूपमा कार्य गर्न;

(ग) न्यायिक पदको गरिमामा आँच नआउने वा न्यायिक कर्तव्यको पालनामा कुनै तरहबाट वाधा नपर्ने अन्य कुनै काम कारवाहीमा सहभागी हुन ।

६.१२ न्यायिक पदमा बहाल रहेसम्म न्यायाधीशले कानून व्यवसायमा संलग्न हुन पाउने छैन । सर्वोच्च अदालतका स्थायी न्यायाधीशको हकमा सेवा निवृत्त भएपछि पनि निजले कुनै अदालतमा उपस्थित भई बहस पैरवी गर्न पाउने छैन ।

६.१३ न्यायाधीशले न्यायाधीशहरूको संघ वा संगठन खोल्न, सदस्यता लिन वा न्यायाधीशहरूको हितको प्रतिनिधित्व गर्ने अन्य संस्थाहरूमा सहभागी हुन हुन्छ ।

६.१४ न्याय सम्पादनको सिलसिलामा न्यायाधीशले कुनै कार्य गर्नको लागि वा गरे वा नगरे बापत न्यायाधीश वा निजको परिवारका कुनै सदस्यले कुनै प्रकारको आतिथ्य स्वीकार गर्न वा दान, दातव्य, उपहार, इच्छापत्र, ऋण वा आर्थिक वा भौतिक लाभ माग गर्नु वा स्वीकार गर्नु गराउनु हुँदैन ।

६.१५ न्यायाधीशले जानी-जानी अदालतको कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा अख्तियारी अन्तर्गतका अन्य व्यक्तिलाई न्याय सम्पादनको सिलसिलामा आफूले कुनै कार्य गर्नको लागि वा गरिदिए वापत वा नगरिदिए वापत कुनै उपहार, इच्छापत्र, ऋण वा अन्य लाभको माग गर्न वा स्वीकार गर्न अनुमति दिनु हुँदैन ।

६.१६ न्यायाधीशको न्यायिक कार्यमा प्रभाव पार्ने वा पक्षपातपूर्ण काम गर्न प्रेरित गर्ने वा न्यायिक निष्पक्षतामा आँच आउने स्थिति नभएमा प्रचलित कानून र सार्वजनिक गरिनुपर्ने कानूनी दायित्वको अधिनमा रही न्यायाधीशले कुनै समारोहमा सुहाउँदो बुझिदो किसिमसँग प्रदान गरिएको कुनै उपहार, प्रशंसापत्र वा पुरस्कार ग्रहण गर्न हुन्छ ।

## ७. <u>समानता</u>

**सिद्धान्त**: न्यायिक कार्यको समुचित सम्पादनको सिलसिलामा अदालतमा सबैप्रति समान व्यवहार सुनिश्चित गरिनु आवश्यक हुन्छ ।

**आचार संहिता**

७.१ न्यायाधीशले सामाजिक विविधता र भिन्नताहरु बुझ्ने र त्यसबाट सूसूचित हुन सचेष्ट रहनु पर्दछ । खास गरी जातजाति, वर्ण, लिङ्ग, धर्म, अपांगता, उमेर, वैवाहिक स्थिति, राष्ट्रियता, सामाजिक तथा आर्थिक अवस्था वा अन्य त्यस्तै अप्रासंगिक आधारहरूको कारणबाट पैदा हुने संभावित असमान स्थितिप्रति सचेष्ट रहनुपर्छ ।

७.२ न्यायाधीशले न्यायिक कार्य सम्पादन गर्दा कुनै व्यक्ति वा समूहप्रति अप्रासंगिक आधारमा बोलेर, लेखेर, आचरणद्वारा वा अन्य कुनै तरिकाबाट पक्षपात वा पूर्वाग्रहपूर्ण व्यवहार गर्नुहुँदैन ।

७.३ न्यायाधीशले आफ्नो कर्तव्यपालनको सिलसिलामा कुनै कार्य वा व्यवहार गर्दा सम्वद्ध सबै पक्ष वा व्यक्तिप्रति यथोचित बिचार पुऱ्याउनु पर्छ । मुद्दाका पक्षहरु, साक्षीहरु, कानून व्यवसायीहरु, अदालतका कर्मचारीहरु तथा सहकर्मी न्यायाधीशहरु प्रति कर्तव्य पालनसँग सरोकार नरहेका कुनै अप्रासंगिक कुराको आधारमा कुनै प्रकारको भेद्भावपूर्ण व्यवहार गर्नुहुदैन ।

७.४ न्यायाधीशले जानी-जानी अदालतको कर्मचारी वा आफ्नो प्रभाव, निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरूलाई आफूसमक्ष विचाराधीन विवादसँग सम्बन्धित व्यक्तिहरूप्रति कुनै किसिमले भेदभावपूर्ण व्यवहार गर्ने अनुमति दिनुहुँदैन ।

७.५ न्यायाधीशले मुद्दामा उपस्थित कानून व्यवसायीले कुनै पक्ष वा व्यक्तिप्रति बोली वा व्यवहारबाट अप्रासंगिक आधारमा देखाउने पक्षपात वा पूर्वाग्रहलाई रोक्नु पर्छ । तर त्यस्ता अप्रासंगिक आधार मध्येका कुनै कुरा नै मुद्दामा ठहर गर्नुपर्ने कुरासंग सम्वद्ध रहेछ भने त्यस्तो कुरा बहस पैरवीका क्रममा व्यक्त गर्नबाट रोक्नु हुँदैन ।

## ८. सक्षमता र लगनशीलता

**सिद्धान्तः** सक्षमता तथा लगनशीलता कुशल न्यायिक कार्य सम्पादनका पूर्वशर्त हुन् ।

**आचार संहिता**

८.१ न्यायाधीशको न्यायिक कार्यले अन्य कार्यहरू भन्दा प्राथमिकता पाउनुपर्छ ।

८.२ न्यायाधीशले आफ्नो व्यावसायिक समय मुख्यतः न्यायिक कर्तव्य पालनमा लगाउनुपर्छ । यस अन्तर्गत न्यायिक कार्य तथा कर्तव्यको निर्वाह र निर्णय गर्ने कुराका अतिरिक्त अदालत र यसको सञ्चालन वा व्यवस्थापन, न्यायिक प्रशिक्षण एवं अनुसन्धानसँग सम्बन्धित कुराहरु समेत पर्छन् ।

८.३ न्यायाधीशले न्यायिक कार्यको कुशल सम्पादनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यक्तिगत गुणहरू कायम राख्न तथा अभिवृद्धि गर्न उपयुक्त कदमहरू चाल्नुपर्छ ।

त्यसको लागि न्यायिक नेतृत्व अन्तर्गत उपलब्ध हुने तालीम तथा अन्य सुविधाहरूबाट न्यायाधीशले फाइदा लिनुपर्छ ।

८.४ न्यायाधीश मानव अधिकारका सिद्धान्तहरू स्थापित गर्ने अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अन्य दस्तावेजलगायत अन्तर्राष्ट्रिय कानूनमा भएका सम्वद्ध विकासहरू बारे सुसूचित रहनुपर्छ ।

८.५ न्यायाधीशले मुद्दाको सुनुवाई सकी निर्णय सुनाउन राखेकोमा निर्णय सुनाउँदा यथासक्य लिखित फैसला दिने र अन्य न्यायिक कार्यहरू सम्पादन गर्दा समेत कुशलतापूर्वक, स्वच्छ एवं छिटो-छरितो रूपमा गर्ने गर्नुपर्छ ।

८.६ न्यायाधीशले आफू संलग्न भई विवादको सुनुवाई गर्दाका सबै अवस्थामा न्यायिक प्रक्रियाको सुव्यवस्था र न्यायिक मर्यादा कायम राख्नुपर्छ । न्यायाधीशले विवादका पक्षहरु, साक्षीहरु, कानून व्यवसायीहरु र अन्य सम्वद्ध मानिसहरुसंग शालीन, सौम्य, नम्र र धैर्य भई व्यवहार गर्ने र उनीहरुको कुरा सुन्नुपर्छ । अदालतका कर्मचारी लगायत न्यायाधीशको निर्देशन वा नियन्त्रणमा रहेका व्यक्तिहरुबाट समेत त्यस्तै प्रकारको व्यवहार गर्न लगाउनुपर्छ ।

८.७ न्यायिक काम कारबाहीमा आवश्यक पर्ने मेहनत, लगनशीलता तथा सक्षमता अभिवृद्धिसंग मेल नखाने अन्य कुनै आचरण वा व्यवहार न्यायाधीशले गर्न हुंदैन ।

## ९. खारेजी र बचाउ

९.१ न्यायाधीशको आचार संहिता, २०५५ खारेज गरिएको छ ।

९.२. यो आचार संहितामा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनसंग बाझिएमा सो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा लेखिएको कुरा नै मान्य हुने छ ।